आज मितिः २०७६ साल आषाढ १७ गते बर्दघाट नगरपालिकाका प्रमुख एवम नगर सभाका अध्यक्ष श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगरसभाको बैठकमा उपस्थिति र भएका प्रस्तावहरु यस प्रकार छन ।

स्थानःबर्दघाट नगरपालिकाको सभाहल
सयमःदिनको २:०० वजे

**तपशिल**

| क्र.सं. | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | | श्रीः धीरज शर्मा बस्याल | प्रमुख | अध्यक्ष |
| २. | | श्रीः मायादेवी पौडेल | उपप्रमुख | उप प्रमुख |
| ३. | | श्रीः मोतिलाल सुनार | वडाध्यक्ष वडा नं. १ | सदस्य |
| ४. | | श्रीः दया दर्लामी | वडाध्यक्ष वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष वडा नं. ३ | सदस्य |
| ६. | | श्रीः रविन्द्र विक्रम हमाल | वडाध्यक्ष वडा नं. ४ | सदस्य |
| ७. | | श्रीः रेश्मीराज भट्टराई | वडाध्यक्ष वडा नं. ५ | सदस्य |
| ८. | | श्रीः रोहीत थारु | वडाध्यक्ष वडा नं. ६ | सदस्य |
| ९. | | श्रीः ध्रुव थारु | वडाध्यक्ष वडा नं. ७ | सदस्य |
| १०. | | श्रीः कवि राज आचार्य | वडाध्यक्ष वडा नं. ८ | सदस्य |
| ११. | | श्रीः चन्द्र कान्त चापागाई | वडाध्यक्ष वडा नं. ९ | सदस्य |
| १२. | | श्रीः राजु मिश्र | वडाध्यक्ष वडा नं. १० | सदस्य |
| १३. | | श्रीः तीर्थ राज फौज्दार | वडाध्यक्ष वडा नं. ११ | सदस्य |
| १४. | | श्रीः मान बहादुर मल्ल | वडाध्यक्ष वडा नं. १२ | सदस्य |
| १५. | | श्रीः नर बहादुर चौधरी | वडाध्यक्ष वडा नं. १३ | सदस्य |
| १६. | | श्रीः केशव बहादुर खत्री क्षेत्री | वडाध्यक्ष वडा नं. १४ | सदस्य |

(बर्दघाट न.पा को पाचौं नगरसभा)

| | | | | |
|---|---|---|---|---|
| १७. | | श्री: बलबहादुर वलांल | वडाध्यक्ष वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग | वडाध्यक्ष वडा नं. १६ | सदस्य |
| १९. | | श्री: अम्बिका देवी उपाध्याय | महिला सदस्य | सदस्य |
| २०. | | श्री: ईशा सुनार | महिला सदस्य | सदस्य |
| २१. | | श्री: कविता रायमाझि | महिला सदस्य | सदस्य |
| २२. | | श्री: प्रतिमा कुमारी चौधरी | महिला सदस्य | सदस्य |
| २३. | | श्री: वुद्धिमाया सुनार | महिला सदस्य | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (हजाम) | अल्पसंख्यक सदस्य | सदस्य |
| २५. | | श्री: लल्लन प्रसाद विन | अल्पसंख्यक सदस्य | सदस्य |
| २६. | | श्री: लुकडि चमार | दलितसदस्य | सदस्य |
| २७. | | श्री: इन्द्र बहादुर ताम्राकार | सदस्य वडा नं. १ | सदस्य |
| २८. | | श्री: बलराम अधिकारी | सदस्य वडा नं. १ | सदस्य |
| २९. | | श्री: जि आई चमाइन | सदस्य वडा नं. १ | सदस्य |
| ३०. | | श्री: लक्ष्मि देवी सुनार | सदस्य वडा नं. १ | सदस्य |
| ३१. | | श्री: कृष्ण प्रसाद पाण्डेय | सदस्य वडा नं. २ | सदस्य |
| ३२. | | श्री: प्रेम बहादुर थापा | सदस्य वडा नं. २ | सदस्य |
| ३३. | | श्री: दधिकला पौडेल | सदस्य वडा नं. २ | सदस्य |
| ३४. | | श्री: अनु सार्कि | सदस्य वडा नं. २ | सदस्य |
| ३५. | | श्री: दिप बहादुर सारु | सदस्य वडा नं. ३ | सदस्य |
| ३६. | | श्री: जग बहादुर लामिछाने | सदस्य वडा नं. ३ | सदस्य |
| ३७. | | श्री: दिपा सारु | सदस्य वडा नं. ३ | सदस्य |
| ३८. | | श्री: देवी सुनार | सदस्य वडा नं. ३ | सदस्य |

(बर्दघाट न.पा को पाचौं नगरसभा)

| | | | | |
|---|---|---|---|---|
| ३९. | | श्री: नारायण प्रसाद चौधरी | सदस्य वडा नं. ४ | सदस्य |
| ४०. | | श्री: विष्णु प्रसाद भण्डारी | सदस्य वडा नं. ४ | सदस्य |
| ४१. | | श्री: गौमाया पराजुली | सदस्य वडा नं. ४ | सदस्य |
| ४२. | | श्री: सिता कुमारी दमाई | सदस्य वडा नं. ४ | सदस्य |
| ४३. | | श्री: विष्णु प्रसाद पाण्डे | सदस्य वडा नं. ५ | सदस्य |
| ४४. | | श्री: सत्य नारायण थारु | सदस्य वडा नं. ५ | सदस्य |
| ४५. | | श्री: सपना ढकाल | सदस्य वडा नं. ५ | सदस्य |
| ४६. | | श्री: लिला देवी सुनार | सदस्य वडा नं. ५ | सदस्य |
| ४७. | | श्री: कृष्ण बहादुर क्षेत्री | सदस्य वडा नं. ६ | सदस्य |
| ४८. | | श्री: भोला नाथ चौधरी | सदस्य वडा नं. ६ | सदस्य |
| ४९. | | श्री: सम्झना रिजाल | सदस्य वडा नं. ६ | सदस्य |
| ५०. | | श्री: आशा मुसहर | सदस्य वडा नं. ६ | सदस्य |
| ५१. | | श्री: टंक प्रसाद उपाध्याय | सदस्य वडा नं. ७ | सदस्य |
| ५२. | | श्री: कमल बहादुर रायमाझि | सदस्य वडा नं. ७ | सदस्य |
| ५३. | | श्री: सावित्री सुनार | सदस्य वडा नं. ७ | सदस्य |
| ५४. | | श्री: कृष्ण बहादुर शाही | सदस्य वडा नं. ८ | सदस्य |
| ५५. | | श्री: हिमादेवी न्यौपाने | सदस्य वडा नं. ८ | सदस्य |
| ५६. | | श्री: विमाया मस्राङ्गी मगर | सदस्य वडा नं. ८ | सदस्य |
| ५७. | | श्री: कल्पना परियार | सदस्य वडा नं. ८ | सदस्य |
| ५८. | | श्री: होमराज कुँवर | सदस्य वडा नं. ९ | सदस्य |
| ५९. | | श्री: शालिकराम शर्मा सापकोटा | सदस्य वडा नं. ९ | सदस्य |
| ६०. | | श्री: मन माया गुरुङ्ग | सदस्य वडा नं. ९ | सदस्य |

(बर्दघाट न.पा को पाचौ नगरसभा)

| | | | |
|---|---|---|---|
| ६१. | | श्री: कल्पना दमिनी सदस्य वडा नं. ९ | सदस्य |
| ६२. | | श्री: रुद्र बहादुर कार्कि सदस्य वडा नं. १० | सदस्य |
| ६३. | | श्री: घनलाल चापागाई सदस्य वडा नं. १० | सदस्य |
| ६४. | | श्री: विष्णु माया सुवेदी सदस्य वडा नं. १० | सदस्य |
| ६५. | | श्री: सिता देवी सुनार सदस्य वडा नं. १० | सदस्य |
| ६६. | | श्री: असराम थारु सदस्य वडा नं. ११ | सदस्य |
| ६७. | | श्री: ललिता देवी थरुनी सदस्य वडा नं. ११ | सदस्य |
| ६८. | | श्री: यमकला भण्डारी सदस्य वडा नं. ११ | सदस्य |
| ६९. | | श्री: लक्ष्मि परियार (दमाई) सदस्य वडा नं. ११ | सदस्य |
| ७०. | | श्री: गजेन्द्र बहादुर गिरी सदस्य वडा नं. १२ | सदस्य |
| ७१. | | श्री: निम प्रसाद बस्याल सदस्य वडा नं. १२ | सदस्य |
| ७२. | | श्री: गीता वि.क सदस्य वडा नं. १२ | सदस्य |
| ७३. | | श्री: शिवशरण कहाँ र सदस्य वडा नं. १३ | सदस्य |
| ७४. | | श्री: रेशमराज पाण्डे सदस्य वडा नं. १३ | सदस्य |
| ७५. | | श्री: दुर्गा देवी गौतम सदस्य वडा नं. १३ | सदस्य |
| ७६. | | श्री: आशा भेजार सार्कि सदस्य वडा नं. १३ | सदस्य |
| ७७. | | श्री: टेक नारायण नवलपुरीया सदस्य वडा नं. १४ | सदस्य |
| ७८. | | श्री: सूर्य बहादुर सुतप्राई मगर सदस्य वडा नं. १४ | सदस्य |
| ७९. | | श्री: मन्जु पाण्डेय सदस्य वडा नं. १४ | सदस्य |
| ८०. | | श्री: खिल प्रसाद थारु सदस्य वडा नं. १५ | सदस्य |
| ८१. | | श्री: मनकाजी दमाई सदस्य वडा नं. १५ | सदस्य |
| ८२. | | श्री: चन्द्र कला शर्मा सदस्य वडा नं. १५ | सदस्य |

(बर्दघाट न.पा को पाचौ नगरसभा)

| | | | | |
|---|---|---|---|---|
| ८३. | दिलमाया | श्री: दिलमाया थापा मगर | सदस्य वडा नं. १६ | सदस्य |
| ८४. | | श्री: थमान सिंह गुरुङ्ग | सदस्य वडा नं. १६ | सदस्य |
| ८५. | | श्री: फुल माया वि.क | सदस्य वडा नं. १६ | सदस्य |
| ८६. | | श्री: कृष्ण प्रसाद पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन कार्यटोली | | |
| ८७. | | श्री: पुष्कर काफ्ले | कार्यक्रम अधिकृत | |
| ८८. | | श्री: विष्णुलाल पुरी | लेखा अधिकृत | |
| ८९. | Gopal | श्री: गोपाल चौधरी | सूचना प्रविधि अधिकृत | |

(बर्दघाट न.पा को पाचौ नगरसभा)

प्रस्तावहरु :-

१. आगामी वर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रम

२. आर्थिक विधेयक, २०७६

३. विनियोजन विधेयक, २०७६

४. बर्दघाट नगरपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७६

५. घर नक्सा अभिलेखिकरण सम्बन्धमा

६. जनसहभागिता निर्धारण सम्बन्धमा

७. लोगोको नमुना स्वीकृत सम्बन्धमा

८. योजना शिर्षक परिवर्तन सम्बन्धमा

९. तालिम गोष्ठि लगायतको सफ्टवेयर कार्यक्रमको नर्म्स स्वीकृत सम्बन्धमा

१०. क्रमागत योजनाको लागि श्रोत सुनिश्चित गरी स्वीकृत गर्ने सम्बन्धमा

११. विविध

धीरज शर्मा बस्याल
नगर प्रमुख

(बर्दघाट न.पा को पाचौ नगरसभा)

निर्णयहरू:

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा तपसिलमा उल्लेख भएअनुसारको आगामी आर्थिक वर्ष ०७६/७७ को वार्षिक बजेट, नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

"बर्दघाट नगरपालिकाको चाहना ! शान्त, समृद्ध, सम्मुनत र सुन्दर समाजको स्थापना"

# बर्दघाट नगरपालिकाको पाचौ नगर सभामा प्रस्तुत आर्थिक वर्ष: २०७६/०७७ को बार्षिक नीति, कार्यक्रम तथा बजेट

**प्रस्तोता: माया देवी पौडेल**
**नगर उपप्रमुख**

सम्मानित नगरसभाका अध्यक्ष एवं नगरप्रमुख श्री धीरज शर्मा बस्याल ज्यू,

नगरसभाका सदस्य ज्यूहरु

प्रमुख प्रशासकिय अधिकृत ज्यू,

सञ्चारकर्मी एवँ नगरसभामा उपस्थित सम्पूर्ण कर्मचारी एवं अन्य महानुभावहरु,

बर्दघाट नगरपालिकाको गरिमामय पांचौ नगरसभा समक्ष आर्थिक वर्ष २०७६/०७७ को वजेट तथा नीति कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफूलाई अत्यन्त गौरवान्वित ठानेको छु । यस अवसरमा आर्थिक वर्ष २०७६/०७७ का लागि प्रस्ताव गरिएको विनियोजन विधेयक, २०७६ तथा आर्थिक विधेयक, २०७६ र सो सँग सम्बन्धित वार्षिक नीति तथा कार्यक्रम प्रस्तुतीको लागि वसेको यस गरिमामय सभाप्रति सर्वप्रथम हार्दिक अभिवादन व्यक्त गर्न चाहान्छु ।

नेपालका सवै कालखण्डका राजनैतिक आन्दोलनहरुका शहीदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । घाइते योद्धा तथा बेपत्ताका परिवारजन प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

अध्यक्ष महोदय,

स्थानीय तहको निर्वाचन पछिको विगत २ वर्षको अवधिमा करिव ३ दर्जन कानुनी दस्तावेज, नगरको आवधिक योजना, केही राणनीतिहरु तथा विभिन्न विषय गत क्षेत्र सँग सम्बन्धित सम्भाव्यता अध्ययन प्रतिवेदन तथा वृस्तित परियोजना प्रतिवेदन लगायतका दस्तावेजहरु तयार भएका छन् । आगामी आर्थिक वर्ष ०७६।७७ को वजेट तयार गर्दा चालु वर्षका अधुरा आयोजनालाई अघि वढाउनुको साथै नगरको आवधिक योजनाले निदृष्ट गरेका क्षेत्रमा श्रोत परिचालन गर्ने गरी बजेट तयार गर्नुपर्ने दायित्व हाम्रो सामु छ । यही यथार्थलाई मध्यनजर गर्दै हामीलाई उपलव्ध स्रोत र साधनको विवेकपूर्ण प्रयोग र परिचालन गर्दै, नगरवासी समक्ष गरेका वाचा तथा हाम्रो नगरलाई **राम्रो नगर र समृद्ध नगर** बनाउने लक्ष्य प्राप्ती तर्फ अगाडी बढ्नुको बिकल्प छैन । यस महान कार्यमा सबैको साथ र सहयोग अवश्य रहने छ भन्ने विश्वास लिएको छु ।

संविधानले परिकल्पना गरेको दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा, नगरवासीहरुको आर्थिक समृद्धि र सामाजिक रुपान्तरणको चाहनालाई गहिरो सँग आत्मसात गरी सम्वृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अभियानमा समेत सहयोग पुग्ने गरी प्रस्तुत बजेट तर्जुमा गर्ने प्रयास गरिएको छ ।



धीरज शर्मा बस्याल
नगर प्रमुख

बजेट तर्जुमा गर्दा सबै वर्ग, क्षेत्र, लिङ्ग, समुदाय, सरकारी तथा गैह्रसरकारी संस्था, पेशागत संघ संगठन नागरिक समाज, बुद्धिजीबीहरुबाट रचनात्मक र श्रृजनात्मक सल्लाह र सुझावहरु प्राप्त भएका छन् । प्राप्त सुझावहरु अत्यन्तै मननीय छन् । ती सुझावलाई समेट्ने प्रयत्न गरिएको छ । गाउँ वस्ति स्तरका जनताको सहभागितालाई सुनिश्चित गर्दै, उनीहरुकै सहभागिता र आवश्यकतामा आधारित भएर योजना छनौट र प्राथमिकिकरण गरिएका छन् तथापी सबै आवश्यकता र चाहना तत्कालै पूरा गर्न सकिने अबस्था छैन । सीमित स्रोत र साधनको समानुपातिक परिचालन गर्दै जनता र हाम्रा विकासका चाहनालाई क्रमश: पूरा गर्नु पर्ने आजको यथार्थ रहेको छ ।

अव म चालु आर्थिक वर्ष २०७५/०७६ (२०७६ साल आषाढ ६ गते सम्म) को बजेट कार्यान्वयन अवस्थाको संक्षिप्त समीक्षा गर्ने अनुमति चाहान्छु ।

आर्थिक वर्ष २०७५/०७६ मा कुल वजेट रु: ७८,२५,५२,१८४।- भएकोमा २०७५ आषाढ ६ सम्ममा रु. ४६,२३,८२,६५०।- निकासा भै सोही वरावर खर्च भएको छ । जुन कुल बजेटको ५९.०९% हुन आउछ । चालु खर्च तर्फ रु.४५,०९,०४,६३०।- वजेट प्राप्त भएकोमा रु. ३४,१२,८८,२१०।- खर्च भएको छ । जुन कुल बजेट रकमको ७५.६९% हुन आउछ । पूँजीगत खर्च तर्फ रु.३३,१६,४७,५५४।- बजेट मध्ये रु.१२,०८,७४,४४०।- अर्थात कुल वजेटको ३६.४५% खर्च भएको छ । उपभोक्ता समितिबाट सम्पन्न गरिने अधिकांश योजनाहरु सम्झौता भैसकेको र कार्यान्वयनको पनि अन्तिम अवस्थामा पुगिसकेको कारणले गर्दा आ.व.को अन्त्यमा पूंजिगत खर्चको प्रगति सन्तोषजनक हुने विश्वास लिएको छु ।

चालु आर्थिक वर्ष २०७५/०७६ आन्तरिक आम्दानी रु. २,२५,००,०००।- हुने अनुमान गरिएकोमा समीक्षा अवधि सम्म रु. २,८६,००,०००।- प्राप्त भएको छ । जुन रकम अनुमानित आन्तरिक राजश्वको १२७ प्रतिशत हुन आउछ ।

समग्र वित्तिय प्रगती वडागत

१ नं ३६.४५ %

२ नं ६१.०७ %

३ नं ३८.६० %

४ नं २६.९६ %

५ नं ८२.१५%

६ नं ८८.२४ %

७ नं ५५.५८ %

८ नं ६६.५३ %



नगर प्रमुख

बर्दघाट नगरपालिका
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

९ नं ५५.४२ %

१० नं ६६.७९ %

११ नं ७९.७५ %

१२ नं ५३.३४ %

१३ नं ५१.८४ %

१४ नं ५१.३२ %

१५ नं ६०.१३ %

१६ नं ५०.३० %

अब म आगामी वर्षको बजेटले राखेका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्दछु ।

उदेश्यः

क. उपलब्ध स्रोत र साधनको विवेकपूर्ण परिचालन गर्ने,

ख. लक्षित विशेष कार्यक्रम मार्फत गरिवी न्यूनीकरण गर्ने,

ग. सामाजिक सशक्तिकरण र मानवीय विकास गर्ने,

घ. भौतिक तथा सामाजिक पूर्वाधार बिकास गर्ने,

ङ. कृषिमा व्यवसायिकरण, र आधुनिकीकरण गदै उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्ने,

च. पर्यटन पूर्वाधारको विकास गर्ने,

छ. स्वास्थ्य सेवामा पहुँच बढाउने,

ज. शिक्षाको गुणस्तर सुधार गर्ने,

झ. गुणस्तरीय र भरपर्दो खानेपानी सुविधाको बिस्तार गर्ने,

ञ. विपद् व्यवस्थापन गर्दै वातावरण मैत्री विकास अवधारणा अवलम्वन गर्ने ।

प्राथमिकताहरु-

क. कृषिको उत्पादन र उत्पादकत्व वृद्दि गरी अन्नबाली, दुध, मासु, फलफुल र तरकारीमा आत्मनिर्भर हुने,

ख. सबै वस्तिहरुलाई सडक सञ्जालमा आवद्ध गर्ने र चक्रपथ निर्माण गरी यातायातमा पहुँच बढाउने,



धीरज शर्मा लम्साल
नगर प्रमुख

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

ग. गरिव लाक्षत कार्यक्रम सञ्चालन गरी गरिवी निवारणमा टेवा पुऱ्याउने,

घ. नगरका वस्तिहरुमा विद्युत लाईन बिस्तार तथा व्यवस्थापन गर्ने,

ङ. कृषि पकेट क्षेत्र विकास र बिस्तार गर्ने,

च. शिक्षा, स्वास्थ्य  जस्ता सामाजिक पूर्वाधारको विकास गर्ने,

छ. सेवा प्रवाहको गुणस्तरमा अभिबृद्धि गरी सुशासनको अनुभुती दिलाउने,

ज. आन्तरिक आय अभिबृद्धि गर्ने,

ञ. विगतमा शुरु गरिएका परियोजनाहरु लाई पूर्णता दिने ।

उल्लिखित उद्देश्यहरु हासिल गर्न नेपाल सरकार, प्रदेश सरकार तथा सम्वद्ध निकायहरु संग समन्वय र साझेदारी गरिने छ । उपलव्ध पूँजी, सीप र क्षमताको उपयोग गर्न सहकारी, निजी क्षेत्र र विकासका साझेदार संस्था संग सहकार्य गर्ने नीति लिइने छ ।

अध्यक्ष महोदय,

आगामी आ.व.०७६।७७ का लागि आर्थिक ऐन, २०७६ जारी गर्नु परेकोले प्रस्तावित आर्थिक विधयेकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भएअनुसारको अधिकार प्रयोग गर्दै नेपालको सँविधान २०७२ को अनुसुची ९ मा  उल्लेख भएअनुसारका साझा सूचिमा रहेको अधिकारहरुको हकमा संघिय तथा प्रादेशिक कानुन  अनुसार नै हुने गरी आगामी आ.व.०७६।७७ का लागि विभिन्न आय शिर्षकहरुमा आय प्रक्षेपण गरिएको छ । स्थानीय तह सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकारबाट पटक पटक जारी भएका मार्गदर्शन तथा राजश्व परामर्श समितिले दिएका सुझावहरु समेतलाई आधार मानी यस बर्दघाट नगरपालिकाको  अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधयक, २०७६ यस सभा समक्ष प्रस्तुत गर्ने क्रममा उक्त विधेयकमा भएका मूख्य मूख्य प्रावधानलाई छोटकरीमा प्रस्तुत गर्न चाहान्छु ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) (घ) अनुसारका आय शिर्षकहरुका हकमा कर, शुल्क तथा दस्तुरहरुको सँकलनलाई सहज वनाउने उद्देश्यले  वृस्तित विवरण सहितको छुट्टा छुट्टै १० वटा अनुसूचीहरुको व्यवस्था गरिएको छ । यस प्रस्तावित विधेयकमा उल्लेख भएका व्यवस्थाहरुको हकमा यसै विधेयक वमोजिम र अन्यको हकमा बजेट र कानुनमा उल्लेख भएबमोजिम हुने गरी कार्यान्वयनमा ल्याउन प्रस्ताव गरेको छु ।

हाल सम्म प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिएको यस नगर क्षेत्र भित्र रहेको विभिन्न उद्योग धन्दा र व्यापार व्यावसाय लगायतबाट सिर्जित काम नलाग्ने मालसामान (कवाडी) मा शुल्क लगाउने प्रस्ताव गरिएको छ, यसबाट नगरपालिकाको लागि स्थायी आम्दानीको श्रोत हुन सक्ने आँकलन समेत गरिएको छ । साथै विगत देखीनै अत्यन्त न्युन आयको रुपमा रहेको विज्ञापन करलाई समेत व्यवस्थित गर्ने प्रयास गरिएको छ ।

अध्यक्ष महोदय,



धीरज शर्मा बस्याल
नगर प्रमुख

आगामी आ.ब.२०७६।०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक,२०७६ संग सम्बन्धित अनुसूचिहरूमा उल्लेखित मुख्य मुख्य कर, शुल्क तथा दस्तुरहरूका दर निर्धारण गर्दा देहाय बमोजिमको नीति प्रस्ताव गरेको छु।

- विगत देखी एकिकृत सम्पत्ति कर लिइदै आएकोमा चालु आ.व.मा घर र घरले चर्चेको वढीमा सोही वरावरको क्षेत्रफलमा सम्पत्ति कर लागु गरी वाँकी जग्गामा भूमिकर (मालपोत) लिइनेछ, यो कर सबै सम्पत्तिधनी नगरबासीहरूलाई लाग्ने कर भएकोले यथासंभव प्रगतिशिल कर दर कायम गर्ने प्रयास गरिएको छ। मालपोत कार्यालयले रजिष्ट्रेशन पारित प्रयोजनका लागि वार्षिक रूपमा कायम गर्ने गरेको जग्गाको मूल्यलाई आधार मानी सम्पत्तिको मूल्यांकन गर्ने गरिएको हुँदा सोही विधिलाई निरन्तरता दिने नीति लिइएको छ।
- ब्यबसाय कर बिशुद्ध उधोग, पेशा एवं व्यावसाय संग सम्बन्धित ब्यक्ति वां संस्थालाई मात्र लाग्ने भएकोले ती ब्याबसायीहरूको हितलाइ समेत ध्यानमा राखी राजस्व परामर्श समितिको सिफारिस समेतलाई आधार मानी तय गरिएको करका दरहरू चालु आ.व.मा यथावत राखिएको छ। साथै व्यावसाय जहिले देखी गरेको भए पनि चालु आ.व.मा व्यावसाय दर्ता गर्ने व्यावसायीलाई विगत २ वर्षको मात्र कर लिई वाँकी वर्षको कर छुट दिने नीति लिइएको छ।
- घर तथा अन्य प्रकारका संरचनाहरुको नक्सा पास गर्दा लाग्ने दस्तुरमा चालु वर्ष वृद्धि नगर्ने, सघं, प्रदेश र स्थानीय सरकार मातहतका निकाय, गुठीको स्वामित्तवमा रहेका घर जग्गा, मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण सस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थाको घर र घर जग्गा, धार्मिक सस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदीको) घर घरजग्गा, खानेपानी संकलन पोखरी, विद्युत गृह, मसान घाट, कब्रिस्तान, कर्वला मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु, राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गाका हकमा सम्पत्ती कर लगाईने छैन
- कार्यालयबाट प्रदान गरिने बिभिन्न प्रकारका सेवामा साबिक देखि लाग्दै आएको सिफारिस दस्तुरमा चालु वर्ष यथावत राखिएको छ।
- घर बहालकरको हकमा घरधनी र बहालमा बसेका ब्यक्तिहरूको बीचमा हुनुपर्ने लिखित सम्झौतालाई अनिवार्य गरिनेछ। वास्तविक बहालमा लिएको रकम र सम्झौता रकममा आएको वा आउन सक्ने अन्तरका कारण कर सङ्कलनमा यथासम्भव नकारात्मक प्रभाव पर्न नदिन क्षेत्रगत आधारमा न्यूनतम बहाल रकम निर्धारण गरी प्रस्ताव गरिएको छ। प्रस्तावित दर वा सम्झौताको अङ्क जुन बढी छ सोही बढीलाई आधार मानी कर सङ्कलन गर्ने यस करको दर चालु आ.व.मा २ प्रतिशत कटौती गरी १० प्रतिशत कायम गर्ने।
- सरकारी जग्गा अतिक्रमण गरी नगरपालिकाको क्षेत्रभित्र घर टहरा निर्माण गरी वा नगरी बसेका व्यक्तिहरुलाई समेत वहाल स्वरुप शुल्क निर्धारण गरी सङ्कलन गर्ने नीति लिइनेछ। तर शुल्क तिरेको आधारबाट त्यस्ता सम्पत्तिको स्वामित्व हस्तान्तरण हुन दिइने छैन। साथै यसको कार्यान्वयनका लागि आवश्यक कार्यबिधि वनाई लागु गरिने नीति लिइनेछ।
- प्राकृतिक स्रोतको उपयोग, उत्खनन, निकासि, पैठारी, बिक्री वितरणमा कर शुल्क लगाउँदा चालु आ.ब. प्रदेश सरकार बाट निर्धारण भको दरमा कर शुल्क रकम उठाउने नीति अवलम्वन गरिनेछ।

अध्यक्ष महोदय,



धीरज शर्मा बस्याल
नगर प्रमुख

अब म यस नगरपालिकाको लागि चालु आ.व. २०७६।०७७ का लागि तयार पारिएको आय व्ययको अनुमान तथा विनियोजन नीति समेतको आधारमा तयार गरिएको बिनियोजन बिधेयक, २०७६ अनुसारको बजेट सहितको क्षेत्रगत नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. पूर्वाधार विकास क्षेत्र तर्फः

### १.१ सडकः

१. चक्रपथ निर्माणको सन्दर्भमा पहाडि क्षेत्रमा पर्ने खण्डको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिनेछ ।

२. पूर्व-पश्चिम लोकमार्ग र हुलाकी सडकको उत्तर-दक्षिण तथा त्रिवेणी सडक पूर्व-पश्चिम तर्फका सहायक मार्गहरुलाई क्रमशः कालोपत्रे गरिनेछ ।

३. नगर यातायात गुरुयोजना (MTMP) तयार गरी सबै सडकहरुको सडक अधिकार क्षेत्र (Right of way) निर्धारण गरिनेछ ।

४. ग्रामीण सडक सञ्जाल निर्माण गर्दा कृषि पकेट क्षेत्रलाई मध्यनजर राख्दै कृषि सडक निर्माण तथा स्तरोन्नती गर्न प्राथमिकता दिईनेछ ।

५. नगरभित्रका सडकहरुलाई निर्धारित मापदण्ड अनुरुप विकास र विस्तार गर्दै लगिनेछ ।

६. एक वडा देखि अर्को वडा जोड्ने सडकलाई प्राथमिकता दिईनेछ ।

७. कतिपय सडकहरुको स्वामित्व व्यक्ति विशेषको नाममा रहेको छ । यस्ता सडकहरु सार्वजनिकिकरण गर्न सहजीकरण गरिनेछ । सार्वजनिकिकरण नभएका तथा मापदण्ड विपरितका सडकहरुको मर्मत तथा स्तरोन्नती गर्न नगरपालिकाबाट रकम विनियोजन नगर्ने नीति अवलम्वन गरिनेछ ।

८. विगतमा स्वीकृती बिना व्यक्ति विशेषबाट प्लटिंग गरिएका जग्गामा खोलिएको बाटोमा ५ वर्ष पूरा नभए सम्म नगरपालिकाबाट थप लगानी गरिने छैन, नयाँ योजना छनौट गर्ने सन्दर्भमा न्युनतम ६ मी.फराकिला बाटाहरुको स्तरोन्नतीको लागि प्राथमिकता दिइनेछ

९. सडकहरुको नियमित मर्मत सम्हारको लागी आवश्यक व्यवस्था मिलाईनेछ ।

१०. सडक तथा फुटपाथमा व्यापार व्यवसाय गर्ने कार्यलाई निरुत्साहित , नियन्त्रित तथा व्यवस्थित गरिनेछ ।

११. समुदाय, गैह्र सरकारी संस्था एवं सामुदायिक वन संगको साझेदारीमा छाडा चौपाया व्यवस्थापन गरिने छ ।

### १.२. भवन तथा शहरी विकासः

१. वस्ति विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२, भू-उपयोग नीति एवं सडक सीमा मापदण्डलाई कडाईका साथ लागू गरिनेछ ।

२. अनुमति बिना जग्गा विकास (प्लटिङ्ग) गर्न निषेध गरिनेछ । भवन निर्माण इजाजत लई वा अभिलेखिकरण नगरिएका भवनहरुमा नगरपालिकाले सेवा सुविधा रोक्का राख्ने तर्फ गृहकार्यको थालनी गरिनेछ ।

३. राष्ट्रिय भवन संहिता तथा भवन निर्माण मापदण्ड कार्यान्वयनको लागि आवश्यक तालिम तथा प्रचार प्रसारमा जोड दिईनेछ ।

४. भुकम्प प्रतिरोधी संरचना निर्माणका लागि निर्माण कार्यमा संलग्न ठेकेदार तथा निर्माण कर्मीहरुलाई तालिमको व्यवस्था मिलाईनेछ । तालिम प्राप्त जनशक्तिको सूची अद्यावधिक गर्ने र तालिम प्राप्त जनशक्तिबाट भवन निर्माण गर्ने, गराउने कार्यलाई प्रोत्साहन गरिनेछ । प्राविधिकबाट नियमित अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।



धीरज शर्मा बस्याल
नगर प्रमुख

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

५. नक्सा पास प्रक्रियालाई सरल र सहज बनाईनेछ। सम्पूर्ण प्रक्रिया पूरा भएको ७ दिन भित्र भवन निर्माण अनुमति तथा निर्माण सम्पन्न प्रमाणपत्र दिने व्यवस्था मिलाइनेछ।
६. पुराना संरचनाहरुको प्रवलिकरणका लागि प्रोत्साहित गरिनेछ।
७. पूर्व-पश्चिम लोकमार्गका दायाँ वायाँका घरहरुको रङ्गमा एकरुपता कायम गरी फरक पहिचान स्थापित गर्ने नीति लाई निरन्तरता दिइएको छ। । गरिव आवास कार्यक्रम अर्न्तगत खरको छाना विस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
८. १००० जना क्षमताको सभाहल निर्माण गर्ने गरी विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिनेछ।
९. २०७६ श्रावण महिना देखी भवन अभिलेखिकरण गर्ने कार्यलाई पूर्णतः वन्द गरी नयां घर निर्माण गर्दा अनुमति लिनुपर्ने कानुनी व्यवस्थालाई वाध्यकारी वनाइनेछ।

**१.३ सिंचाई:**

१. सरोकारवालाहरुसँगको सहकार्य र समन्वयमा स्यालो, डिप ट्यूवेल तथा वर्षातको पानी जम्मा गर्न खुल्ला र प्लाष्टिक पोखरीको निर्माण गरी आगामी ४ वर्ष भित्र कृषि योग्य भूमिमा सिँचाई सुविधा पुऱ्याइनेछ।

**१.४. विद्युत तथा वैकल्पिक उर्जा:**

१. **"उज्यालो बर्दघाट अभियान"** निरन्तरता दिदै विद्युतिय लाइन विस्तार गर्न बाँकी रहेको स्थानमा तार पोलको व्यवस्था गर्ने तथा विद्यमान लो भोल्टेज जस्ता समस्याको सामाधान गर्ने र सडक वत्तिको व्यवस्था गरिनेछ।
२. सौर्य उर्जा तथा अन्य वैकल्पिक उर्जा विकासका लागी प्रोत्साहन गरिने छ।
३. सुधारिएको चुलो कार्यक्रम लागू गरिनेछ।

**१.५. विज्ञान प्रविधी, सूचना तथा संचार:**

१. सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयन, सुशासनको प्रवर्द्धन र सेवा प्रभावकारीता अभिवृद्धि गर्न पत्रकार महासंघ, नगरका सञ्चार गृह, र सञ्चारकर्मीहरुसंग सहकार्य गरिनेछ।
२. नगर सूचना तथा अभिलेख केन्द्रलाई व्यवस्थित गराईनेछ।
३. नगरको सूचना तथा तथ्यांकलाई नियमित रुपमा अद्यावधिक गर्दै लगिनेछ।
४. स्थानीय एफ.एम.रेडियो तथा टेलिभिजन मार्फत नियमित रुपमा नगर स्तरमा संचालन हुने विकास तथा महत्वपूर्ण गतिविधि सम्वन्धी जानकारीमूलक कार्यक्रम प्रसारण गरिनेछ।
५. स्थानीय संचार माध्यमहरुको विकास र प्रवर्द्धनमा सहयोग गरिनेछ।

## २. सामाजिक विकास:

**२.१. शिक्षा**

१. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
२. विद्यालयमा बाल मैत्री वातावरण सृजना गरी भर्ना र विद्यार्थी उत्तीर्ण दरमा वृद्धि तथा कक्षा दोहोऱ्याउने र स्कूल छाड्ने दरलाई कम गर्नको लागि आवश्यक योजना तयार गरी कार्यान्वयन गरिनेछ।
३. सामुदायिक विद्यालयमा अध्ययनरत ५ वर्ष मुनिका वालवालिकाहरुको पोषण अवस्थामा सुधार ल्याउन सवै वाल विकास केन्द्रमा अध्ययन गर्ने वालवालिकाहरुको लागि दिईदै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिईनेछ।



धीरज शर्मा वस्याल
नगर प्रमुख

४. विद्यालयमा जातजाति, भाषा, धर्म, लिङ्ग, एच.आइ.भी. सङ्क्रमण, अपाङ्गता, फरक क्षमता भएका लगायत कुनै पनि आधारमा गरिने विभेदलाई पूर्णत: निषेध गरिनेछ ।
५. प्रभावकारी रुपमा भर्ना अभियान सञ्चालन गरी पूर्ण विद्यालय पँहुच नगर घोषणा गर्न प्रयत्न गरिनेछ ।
६. सामुदायिक विद्यालयमा सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक तथा खेलकुदका सामाग्री, प्रयोगशाला, खानेपानी, छात्र-छात्राको लागी अलग अलग शौचालय, सरसफाई, इन्टरनेट, कम्प्युटर आदिको व्यवस्था मिलाई नमूना विद्यालयको रुपमा विकास गरिनेछ ।
७. नगरपालिकाको ५ वर्षे आवधिक नगरशिक्षा योजना तर्जुमा गरिनेछ ।
८. गूरूकुल, बिहार,गुम्बा, परिनती शिक्षा (वौद्द),मदरसा र प्राविधिक शिक्षामा आवश्यक सहयोग गरिनेछ ।
९. प्राविधिक शिक्षा तथा प्रविधिमा आधारित शिक्षण सिकाई क्रियाकलापलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
१०. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक लगायत विद्यालय संग सम्वन्धित सरोकारवालाहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ ।
११. विद्यालय सुपरिवेक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।
१२. सिकाई उपलब्धी अभिवृद्दिका लागि प्रत्येक विद्यालयलाई कार्ययोजना वनाउन लगाई कार्यान्वयन गरिनेछ र यसकै आधारमा विद्यालय र शिक्षकहरुलाई पुरस्कृत गरिनेछ ।
१३. विद्यार्थी परामर्श सम्बन्धी कार्यक्रम (Career,Academic and Psychosocial) को शुरुवात गरिनेछ । स्थानीय पाठ्यक्रम विकास (आधारभुत तह कक्षा १-८) को लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**२.२: स्वास्थ्य तथा पोषण:**

१. केन्द्र तथा जिल्लाबाट प्राप्त हुने औषधीबाट अपुग हुने औषधी खरिद गरी नियमित आपुर्तिको व्यवस्था मिलाइनेछ ।
२. स्वास्थ्य संस्था एवं खोपकेन्द्रको भौतिक पूर्वाधार निर्माण तथा सुधार गर्दै लगिनेछ ।
३. प्रत्येक वडामा योग सिविर सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
४. सुत्केरी आमा तथा नवजात शिशुको स्वास्थ्य र पोषण अवस्थामा सुधार ल्याइ मातृ तथा वाल मृत्युदर घटाउन सुत्केरी आमालाई बढीमा दुई सन्तान सम्मको लागि दिईदै आएको सुत्केरी पोषण भत्तालाई निरन्तरता दिईनेछ ।
५. आधारभूत स्वास्थ्य र सुरक्षित मातृत्व एवं प्रसूति सेवालाई नगरपालिका भर विस्तार गरिनेछ । महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई दिईदै आएको प्रोत्साहन भत्तालाई नेपाल सरकार संग दोहोरो नपर्ने गरी निरन्तरता दिनुको साथै सञ्चार खर्च उपलब्ध गराइनेछ । लागुपदार्थ, सुर्तिजन्य पदार्थ तथा मादक पदार्थको प्रयोगलाई न्युनीकरण गर्न तथा सार्वजनिक स्थलहरुमा यसको प्रयोग हुन गर्न नदिन आवश्यक व्यवस्थापन गरिनेछ ।
६. चिसापानी अस्पताल, माकर स्वास्थ्य चौकी र शहीद स्मृति सामुदायिक अस्पतामा सञ्चालित बर्थिङ्ग सेन्टरको गुणस्तर सुधारको लागि आवश्यक सहयोग गरिनेछ । ।
७. नेपाल सरकार संगको समन्वयमा स्वास्थ्य वीमा कार्यक्रम लागू गरिनेछ ।
८. आयूर्वेद औषधालय स्थापनाको लागी नेपाल संघीय तथा प्रदेश सरकार सँग आवश्यक समन्वय गरिनेछ ।
९. आमा तथा बच्चाको पोषणको अवस्थामा सुधार ल्याउन वहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
१०. पूर्ण खोप नगर घोषणा भईसकेको अवस्थामा यसको निरन्तरताको लागि आवश्यक कार्य गरिनेछ ।



धीरज शर्मा वस्याल
नगर प्रमुख

५ नं. प्रदेश
नेपाल

११. जेष्ठ नागरिक तथा सुत्केरी आमाहरुको घरमै गई नियमित स्वास्थ्य परिक्षण कार्यक्रमलाई प्रदेश सरकारको पनि समन्वयमा सञ्चालन गरिनेछ ।
१२. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम अन्तरगत किशोरीलाई आइरन चक्की खुवाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै कक्षा १ देखी १० सम्मका छात्रछात्राहरुलाई जुकाको औषधी खुवाउने कार्यक्रमलाई थप सुदृढ गराइनेछ ।
१३. प्रत्येक स्वास्थ्य सँस्थाहरुमा तथ्याँकलाई व्यवस्थित गर्न कम्प्यूटर र इन्टरनेट जडान गरिनेछ ।
१४. एम्बुलेन्स सेवाको नियमित उपलब्धताको व्यवस्थालाई कायम गरिनेछ ।

**२.३. खानेपानीः**

१. स्वस्थ र स्वच्छ खानेपानीमा सबै नगरवासीहरुको पहुँच पुऱ्याउन आवश्यक कार्य गर्दै लगिनेछ । यसका लागी अन्य सम्बद्ध निकायहरु संग समन्वय र सहकार्य गरिनेछ ।
२. भूमीगत खानेपानीको श्रोत नभएका स्थानहरुमा प्राकृतिक श्रोतको संरक्षण गर्दै खानेपानीको व्यवस्था मिलाईनेछ ।
३. खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रम संचालन गर्दा नगर रणनीतिक वास योजना तथा POST ODF रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
४. नगरवासीलाई आगामी ३ वर्ष भित्र शुद्ध खानेपानीको व्यवस्था मिलाउने सन्दर्भमा संघीय सरकार तथा प्रदेश सरकार सँग आवश्यक समन्वय गरिनेछ ।

**२.४ सरसफाईः**

१. फोहोर व्यवस्थापनका लागि उद्योग वाणिज्य संघ, वजार विकास समिति, खानेपानी तथा सरसफाई संस्था, सामुदायिक वन, टोल विकास संस्था, विद्यालयहरु, समुदायमा आधारित संस्थाहरु एवं निजी क्षेत्र संग सहकार्य र साझेदारी गरिनेछ ।
२. सरसफाई क्षेत्रमा प्रभावकारी भूमीका खेल्ने टोल विकास संस्थालाई थप अनुदानको व्यवस्था मिलाइनेछ । नेपाल सरकार तथा प्रदेश सरकार संगको सहकार्यमा नगरको उपयुक्त स्थानमा सुविधायुक्त आधुनिक शौचालय निर्माण प्रकृया अगाडी बढाईनेछ ।
३. फोहोर मैला विसर्जन स्थल (SanitaryLand Fill Site) सम्भाव्यता अध्ययन प्रतिवेदन वृस्तित परियोजना प्रतिवेदन (DPR) को आधारमा आधारमा ल्याण्ड फिल साइट निर्माण गरी फोहोर मैलाको उचित व्यवस्थापन गर्दै लगिनेछ ।
४. सड्ने र नसड्ने फोहोरलाई श्रोतमै वर्गिकरण गरी सड्ने फोहोरबाट घरमै कम्पोष्ट मल बनाउन आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।
५. मापदण्ड विपरितका प्लाष्टिक झोला वा वातावरणमा प्रतिकुल असर पर्ने सामाग्रीको प्रयोगलाई निरुत्साहित गरिनेछ ।
६. टोल विकास संस्थाहरुलाई फोहोर व्यवस्थापन कार्यमा परिचालन गरिने छ ।
७. सरसफाई कार्यलाई प्रभावकारी वनाउन नियमित अनुमगन गरिनेछ ।

**२.५. लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**

**२.५.१ महिला सशक्तिकरणः**



धीरज शर्मा बस्याल
नगर प्रमुख

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

१. नीति निर्माण, योजना सञ्चालन लगायतका विभिन्न चरणमा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।
२. महिलाको आर्थिक सशक्तिकरणका लागि सीपमूलक तालिम, आय आर्जनका कार्यक्रम संचालन गरिनेछ ।
३. एकल महिला, असहाय, अपांग, श्रोत साधन र अवसरवाट वञ्चित महिलाहरुलाई मागको आधारमा लक्षित कार्यक्रम संचालन गरिनेछ ।
४. लैंगिक र यौनिक हिंसा न्यूनीकरण सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
५. घरेलु हिंसा, छुवाछुत जस्ता सामाजिक कुरिती हटाउन सचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ

**२.५.२ बालमैत्री शासनः**

१. बालमैत्री शासन प्रणाली अवलम्वन गरिनेछ ।
२. नगरपालिकालाई क्रमशः बालमैत्री नगर घोषणा गर्ने अभियानको लागि सघन कार्यक्रम सञ्चालन गरिनेछ ।
३. बालवालिका सम्वन्धी योजना तर्जुमा तथा कार्यान्वयन गर्दा बालवालिका र सो क्षेत्रमा कार्यरत विकास साझेदारहरुसंग समन्वय गरिनेछ ।
४. वालश्रम न्यूनीकरणका लागि वाल श्रमिकको तथ्यांक संकलन गरी वालश्रमलाई निरुत्साही गर्ने , वाल विवाह विरुद्को सचेतना, वाल अधिकारको सँरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।
५. बाल उद्यान स्थापना गर्दै लगिनेछ ।

**२.५.३ दलित, आदिवासी/जनजाति, मधेशी, मुश्लिम तथा पिछडावर्गः**

१. दलित, आदिवासी/जनजाति, मधेशी, मुश्लिम र पिछडावर्गका समुदायका लागि आयमूलक एवं सीपमूलक तालिमको माध्यमवाट क्षमता विकास, रोजगारी सिर्जना एवं सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२. परम्परागत सीपकर्मीहरुको पेशा र सीपलाई आधुनिकिकरण गर्न आवश्यक सहयोग गरिनेछ ।
३. दलित लक्षित वाल संरक्षण अनुदान कार्यक्रमलाइ थप प्रभावकारी बनाइनेछ । संस्थागत विद्यालयबाट कक्षा १० मा उच्चतम अंक प्राप्त गरी कक्षा ११ र १२ अध्ययनरत प्रत्येक वडाको १/१ अति विपन्न दलित छात्र र छात्रालाई छात्रवृत्ती उपलव्ध गराईने कार्यलाई निरन्तरता दिइनेछ ।
४. लोपोन्मुख जातजातिलाई लक्षित कार्यक्रम मार्फत सामाजिक सुरक्षाको सुनिश्चितता प्रदान गरिनेछ ।

**२.५.४ सामाजिक सुरक्षा एवम जेष्ठ नागरिकः**

१. ८५ बर्ष माथिका वरिष्ठ जेष्ठ नागरिकहरुलाई उपलब्ध गराईदै आएको पोषण भत्तालाई निरन्तरता दिईनेछ ।
२. जेष्ठ नागरिकका लागि चिसापानी अस्पताल तथा सहिद स्मृति सामुदायिक अस्पतालमा कम्तिमा १/१ शैया आरक्षण गर्ने व्यवस्था मिलाईनेछ ।
३. सामाजिक सुरक्षा भत्ता एवं वाल संरक्षण अनुदान वितरण, अनुगमन तथा Online प्रतिवेदन प्रणालीलाई वढी सुदृढ वनाईनेछ ।
४. सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयामा रहेका जटिलताको अन्त्य गर्न वैकिङ्ग प्रणाली मार्फत वितरण गरी सो प्रकृयालाई अपांग तथा जेष्ठ नागरिक मैत्री वनाउदै लगिनेछ ।
५. गरिवीको रेखामुनी रहेका नागरिकलाई गरिवीको परिचय पत्रको आधारमा थप सुविधा उपलव्ध भै आएकोमा त्यसलाई अझ सरल र सहज वनाइनेछ ।



धीरज शर्मा बस्याल
नगर प्रमुख

६. संघ, प्रदेश र नीजि क्षेत्रको सहकार्यमा जेष्ठ नागरिक सेवा तथा मिलन केन्दस्थापना गरी सञ्चालन गरिनेछ ।

७. जेष्ठ नागरिकहरुलाई स्थानीय सरकारको प्रत्याभूति दिलाउनका लागि सहारा कार्यक्रम सञ्चालन गरिनेछ ।

८. अति विपन्न र गरिब नागरिकहरुको मृत्यू संस्कारमा आवश्यक सहयोग गर्ने उद्देश्यले चालु आ.व.मा मृत्यू भएको ३५ दिन भित्र घटना दर्ता गर्ने हरेक व्यक्तिको परिवारलाई मृत्यू दर्ता प्रमाणपत्रको आधारमा मृत्यू संस्कार खर्च बापत रु ३००० प्रदान गरिनेछ ।

२.५.५ अपांगता भएका व्यक्तिहरु:

१. अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्नुका साथै सामुदायमा आधारित पुनर्स्थापना गर्ने कार्यलाई विशेष जोड दिइनेछ ।

२. अपाङ्गता भएका व्यक्तिहरूलाई सार्वजनिक स्थलहरुमा सहज पहुँचका लागि अपाङ्ग मैत्री भौतिक संरचना बनाइने छ.र भैरहेका संरचनाहरूको क्रमशः सुधार गर्दै लगिनेछ ।

३. अपाङ्गताको प्रकृति हेरी उपयुक्त सीपमूलक तालिम प्रदानगरी रोजगारीका अवसरहरूमा पहुंच विस्तार तथा स्वरोजगारीका अवसरहरू सृजना गरिनेछ ।

४. अपाङ्गता भएका व्यक्तिहरुलाई सहगोगी सामाग्रीहरु वितरण गर्ने व्यवस्था मिलाइने छ ।

५. अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क सँकलन र रणनीतिक योजना तर्जुमा सम्पन्न भएकोले सो को आधारमा आगामी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

३. युवा, खेलकुद एवं श्रम तथा रोजगारी:

१. राष्ट्रिय स्तरको रंगशालाको वृस्तित परियोजना प्रतिवेदन (DPR) तयार भैसकेको परिप्रेक्षमा निर्माणको लागि संघ र प्रदेशको सहकार्यमा अगाडी वढाइनेछ ।

२. नगरस्तरीय खेलकुद विकास समिति गठन गरिनेछ । समिति मार्फत नगर तथा अन्तर पालिकास्तरीय खेलकुदका कार्यक्रमहरु संचालन गरिनेछ ।

३. खेलकुद विकासका लागी हरेक वडामा युवा क्लव स्थापना गर्न उत्प्रेरित गरिनेछ ।

४. सीपमूलक तालिम तथा व्यवसायिक शिक्षाका माध्यमवाट युवाहरुलाई स्वरोजगारमूलक उद्यम संचालन गर्न प्रेरित गर्दै वढ्दो वैदेशिक रोजगारीका नाममा हुने युवा पलायनलाई नगरको विकासमा समाहित गर्न प्रोत्साहित गरिनेछ ।

५. अन्य स्थानीयतह तथा गैह्रसरकारी संस्थाहरुसँगको सहकार्यमा सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगार सम्बन्धि कार्यक्रमहरु लाई निरन्तरता दिइनेछ ।

६. खेलकुदको माध्यमवाट नगरको गौरव वढाउनमा योगदान पुर्‍याउने खेलाडीहरुलाई सम्मान एवं प्रोत्साहन गर्ने नीति लिइने छ ।

७. चालु आ.व.मा शुरु गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस नगरपालिका अन्तरगत रोजगार सेवा केन्द्रमा सूचिकृत वेरोजगारहरुलाई सार्वजनिक निर्माण कार्यमा परिचालन गर्ने नीति लिइने छ ।

८. नगरस्तरीय खेलाडीको समूह छनौट गरी तालिमको व्यवस्था मिलाइनेछ ।

९. दुर्व्यसनी लाई निरुत्साही गर्न युवा पुर्नस्थापना केन्द्रको स्थापना गरिनेछ ।

४. भाषा, संस्कृति तथा पर्यटन:



धीरज शर्मा बस्याल
नगर प्रमुख

१. थारु, मगर, गुरुङ्ग, नेवार लगायत विभिन्न जातजातीका भाषा, कला, मौलिक सीप र संस्कृतिको संरक्षण र सम्वर्द्धन गरिनेछ ।
२. नगरपालिका भित्रका साँस्कृतिक, पुरातात्विक र धार्मिक महत्वका मन्दिर, गुम्वा, मस्जिद र चर्चको संरक्षण र सम्वर्द्धन गरिनेछ ।
३. धार्मिक पर्यटनको विकासमा टेवा पुर्‍याइनेछ । नगरको पहाडी र तराई क्षेत्रका विभिन्न स्थानमा होमस्टे प्रवर्द्धन गर्न कार्यक्रम संचालन गरिनेछ ।
४. भ्यू-टावर निर्माणको लागि आवश्यक कार्य अगाडी बढाईनेछ ।
५. संघ र प्रदेश सरकार संगको समन्वयमा बुद्धमंगल काललाई बुद्ध सर्किट संग जोडेर धार्मिक पर्यटनको विकास गरिनेछ ।

५. सामाजिक परिचालनः
१. सामाजिक परिचालन विकासको आधारस्तभ हो । महिला तथा वालवालिका शाखा बाट संचालन हुने सामाजिक परिचालन, विभिन्न गैर सरकारी संस्थाबाट भई रहेको सामाजिक परिचालन सम्वन्धी कार्यक्रमहरु वीच समन्वय र तादाम्यता कायम गरिनेछ ।
२. वडा समितिलाई नागरिक अनुगमन, गुणस्तर नियन्त्रण तथा सहजीकरण संयन्त्रको रुपमा विकास गरिनेछ ।
३. टोल विकास संस्थाहरुलाई अझ वढी सवलिकरण गरिनेछ ।
४. स्थानीय स्तरमा विकास कार्यक्रम सञ्चालन गर्दा वडा समितिहरु प्रवेश विन्दुको रुपमा रहने छन् ।
५. समाजका विभिन्न क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने संस्था र व्यक्तिहरुलाई पुरस्कृत र सम्मान गर्दै जाने नीतिलाई निरन्तरता दिईनेछ ।

६. गै.स.स परिचालनः
१. गैह्रसरकारी संस्थाहरुबाट कार्यक्रम संचालन गर्दा लाभान्वित समूहको हितलाई प्राथमिकता दिईनेछ ।
२. गैह्र सरकारी संस्थाबाट सञ्चालन हुने कार्यक्रममा दोहोरोपन आउन नदिन समन्वयात्मक रुपमा कार्य गरिनेछ ।
३. नगरमा कार्यरत गैह्रसरकारी संस्थाहरुलाई नगरवासीले अधिकतम लाभ पाउने गरी परिचालन गरिनेछ । अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाइनेछ ।
४. नगरमा कार्यक्रम संचालन गर्ने गैह्र सरकारी संस्थाहरुले आफ्ना कार्यक्रमहरु नगरसभामा पेश गर्ने, प्रतिवेदन गर्ने तथा समीक्षा कार्यक्रममा सहभागी हुनु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।

## ३. आर्थिक विकास :

### ३.१. कृषि तथा पशुपालनः
१. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि, पशु नश्ल सुधारबाट कृषकको आयआर्जन अभिवृद्धि गरिनेछ ।
२. विद्यमान हाट वजारलाई व्यवस्थित रुपमा सञ्चालनमा ल्याईनेछ ।
३. यस जिल्लाको सुनवल नगरपालिकामा स्थापना हुन लागेको चिस्यान केन्द्र (Cold Store) को सेयर खरिद गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
४. सबै वडामा फलफुलको खेती गर्न प्रोत्साहित गर्ने कार्य अगाडी वढाइनेछ ।
५. कृषि तथा पशुपालनलाई प्राथमिकता दिदै उत्पादन वृद्धि गर्न कृषि तथा बाखा पकेट क्षेत्रलाई विस्तार गर्दै त्यसको विकासमा थप योगदान पुर्‍याइनेछ । माटो परीक्षण गरी माटो सुधार गर्दै लगिने छ । उन्नत विऊको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।



धीरज शर्मा बस्याल
नगर प्रमुख

६. नगरको कृषि पूर्वाधार विकासमा जोड दिइनेछ। पकेट क्षेत्र पहिचान र विकास गरिनेछ। ग्रामीण कृषि उत्पादनलाई बजारसँग आवद्ध गरिनेछ।
७. कृषि विमा तथा पशु विमा, खोंप, उन्नत जातको घाँस उत्पादनका लागि प्रोत्साहन, विषेशत: नगरको तराई क्षेत्रमा माछापालन, गाई तथा भैंसीपालन र नगरको पहाडी क्षेत्रमा वाखा, वंगुर र मौरीपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ। गाई र भैंसी पालक किसानलाई कृत्रिम गर्भाधान वापत दिईदै आएको अनुदानलाई निरन्तरता दिईनेछ।
८. अर्गानिक खेतीलाई प्रोत्साहन गरिनेछ।
९. जग्गाको चक्ला वन्दी गरी सामुहिक खेती गर्न प्रोत्साहित गरिनेछ।
१०. कृषक संमूहहरु गठन गरी सवलीकरण गरिनेछ।
११. प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना कार्यक्रलाई कार्यविधि निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
१२. पशु उपचार सेवामा पँहुच कम भएका गाँउ घरमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
१३. व्यावसायीक पशुपंक्षी फर्महरुलाई फर्म जैविक सुरक्षा सामाग्री परजिवी नियन्त्रण र प्रजनन् विक्रिती सम्बन्धी Door to Door सेवा सञ्चालन गरिनेछ।
१४. माछा पालन कार्यक्रमलाई प्रोत्साहन गरिने छ।

### ३.२. उद्योग, वाणिज्य र सहकारी:

१. सरकार, सहकारी र निजीक्षेत्रको समन्वय र सहकार्यमा आर्थिक समृद्धि, जनताको जीवनस्तर वृद्धि, कृषिको व्यावसायीकरण र रोजगारी अभिवृद्धिका कार्यक्रमहरु अगाडी वढाइनेछ।
२. उद्योग तथा व्यापार मेलाहरुको प्रवर्द्धन गर्ने कार्यमा सहयोग पुर्याइनेछ।।
३. प्रदेश सरकारबाट चालु आ.व.मा एक निर्वाचन क्षेत्र १ उद्यम ग्राम स्थापना गर्ने कार्यक्रम अघि वढाएको सन्दर्भमा नगरको उपयुक्त स्थानमा उद्योग ग्राम स्थापनाको लागि आवश्यक पहल गरिनेछ।
४. नगर क्षेत्र भित्र सञ्चालित सहकारीहरुको प्रभावकारी अनुगमन तथा नियमन गरिनेछ।

### ३.३ उपभोक्ता हित संरक्षण:

१. निजी क्षेत्रको सहकार्यमा उपभोग्य सामाग्रीहरुको सहज आपूर्तिको लागी आवश्यक प्रवन्ध मिलाईनेछ।
२. वजार अनुगमन कार्यलाई प्रभावकारी वनाईनेछ।

### ३.४ भू-उपभोग एवं भूमिसुधार :

१. खेतीयोग्य जमिनको संरक्षण गर्न कानून विपरित जग्गा विकास (प्लटिङ्ग) गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।
२. विगत लामो समय देखी नाप नक्सा हुन नसकेको वडा नं २ को पहाडी क्षेत्रको नाप नक्साको आवश्यक प्रवन्ध गरिनेछ।
३. नगरपालिका भित्रका नापी नक्सा हुन बाँकी रहेको भूमीहरुको नापी नक्साको लागी सम्बन्धित निकाय संग आवश्यक समन्वय गरिनेछ।
४. सरकारी एवं सार्वजनिक जग्गा अतिक्रमण हुन, गर्न दिईने छैन। भै रहेको अतिक्रमणलाई हटाई सो को संरक्षणको लागि प्रयत्न गरिनेछ।
५. नेपाल सरकार तथा प्रदेश सरकार संगको सहकार्यमा भूमीहीन सुकुम्वासीहरुको व्यवस्थापन गरिनेछ।
६. कृषि योग्य भूमी वाँझो राख्ने कार्यलाई निरुत्साहीत गरिनेछ।



धीरज शर्मा बस्याल
नगर प्रमुख

### ४. बातावरण तथा विपद व्यवस्थापन :

#### ४.१. विपद् व्यवस्थापनः

१. विपद् व्यवस्थापनका लागि नगर तथा वडास्तरीय विपद्, जोखिम व्यवस्थापन समिति लाई परिचालन गरिनेछ ।

२. विपद्का समयमा पिडितहरुको उद्धार, राहत, पुर्नःस्थापनाको लागि छुट्टै विपद व्यवस्थापन कोष खडा गरिएको छ ।

३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

४. नदी, खोला, खोल्सा र खहरेबाट कटान भई क्षतिग्रस्त हुन पुगेका जमिन तथा जोखिममा परेका क्षेत्रहरुको संरक्षण गरिनेछ ।

५. विकास निर्माण तथा पूर्वाधार आयोजनाहरू तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गरिनेछ ।

६. IEE स्वीकृत खोलानालाहरुमा नदीजन्य पदार्थ उत्खनन एवं संकलनको लागि ठेक्का प्रक्रिया अगाडी वढाइनेछ ।

७. आगलागिको घटनाबाट धन जनको क्षतिलाई न्युनिकरण गर्न अग्नि नियन्त्रक सवारी साधन दमकल खरिद गर्न आवश्यक बजेट विनियोजन गरिएकोछ ।

#### ४.२. वन, वातावरण तथा जलवायु परिवर्तनः

१. सामुदायिक, साझेदारी, निजी, धार्मिक एवं कवुलियती वन व्यवस्थापनमा सुधार तथा वन संरक्षण गरिनेछ । वन विकास कार्यक्रमलाई थप व्यवस्थित बनाउदै वन जन्य उत्पादनमा सम्बन्धित उपभोक्ताको सहभागितालाई सुनिश्चित गरिनेछ ।

२. नगरको सौन्दर्य विकास गर्न नगरस्तरीय उद्यानको लागि सम्भाव्यता अध्ययन गरिनेछ । सबै वडाहरुमा क्रमशः उद्यान निर्माण गर्दै लगिनेछ ।

३. वन क्षेत्रको समग्र विकासको लागी सामुदायिक वन संगको सहकार्यमा वृक्षारोपण गर्दै लगिनेछ ।

४. नगरको वार्षिक योजना पद्धतिलाई वातावरण मैत्री बनाउन ठुला आयोजना कार्यान्वयन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) एवं वातावरणीय प्रभाव मुल्यांकन (EIA) गर्ने कार्यलाई संस्थागत गर्दै जलवायु परिवर्तन अनुकुलन कार्यक्रमहरु संचालन गरिनेछ ।

५. सामुदायिक वनको दीगो व्यवस्थापन गर्दै पर्यापर्यटनमा विशेष व्यवस्था गरिनेछ ।

६. पार्क, बगैंचा, वृक्षारोपण, हरियाली प्रवर्द्धन र सार्वजनिक सौन्दर्य अभिवृद्धि हुने कार्यक्रममा स्थानीय समूदायको संलग्नतामा कार्यक्रम संचालन गरिनेछ ।

### ५. संस्थागत विकास तथा सेवा प्रवाह :

#### ५.१. श्रोत परिचालन :

१. आन्तरिक श्रोतको उच्चतम परिचालनका लागि कर, दस्तुर तथा सेवा शुल्कका दायरा र क्षेत्र फराकिलो गर्दै लगिनेछ । श्रोत परिचालनमा सबै नगरवासीहरुले सक्षमताका आधारमा स्वयं योगदान गर्नु पर्ने अवस्था सिर्जना गर्दै कर योगदानमा अपनत्व महसुस गर्ने अवस्थाको सिर्जना गरिनेछ ।



धीरज शर्मा बस्याल
नगर प्रमुख

२. सम्पत्तिकर, व्यावसाय कर, घर बहाल कर, रिक्सा व्यावसायी कर लगायत कर राजश्वको अभिलेख व्यवस्थित गरी एकै व्यक्तिले तिर्नु, बुझाउनु पर्ने करहरु एकै पटक तिर्न, बुझाउन सक्ने गरी करदाता मैत्री पद्दतिको स्थापना र विकास गर्दै लगिनेछ ।

३. आन्तरिक श्रोतको नया क्षेत्रहरुको पहिचान र विस्तारका लागि अध्ययन गरिनेछ । सरोकारवालाहरु वीच व्यापक छलफल र सहकार्यमा उपयुक्त बातावरण तयार गरिनेछ ।

४. श्रोत व्यवस्थापन एवं परिचालनलाई यथार्थपरक र व्यवस्थित गर्न Software को माध्यमबाट प्रत्येक वडामा कर शुल्क संकलन गर्ने व्यवस्था मिलाईनेछ ।

**५.२. सुशासनः**

१. भ्रष्टाचार प्रति शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।

२. साविक देखी नगरपालिका तथा वडा कार्यालयमा सहायक कम्प्यूटर अपरेटर, सामाजिक परिचालक कार्यालय सहयोगी, पालो पहरामा खटिने सहयोगी कर्मचारी तथा हलुका तथा हेवी सवारी चालकहरुको आर्थिक वर्ष २०७५।७६ को जिल्ला दररेटलाई आधार मानी पारिश्रमिक वृद्दि गरिएको छ । स्वीकृत दरवन्दीमा रहेका कर्मचारीहरुलाई नेपाल सरकारले गरेको तलव वृद्दिलाई आधार मानी तलवमा समायोजन गरिएको छ ।

३. पेश्की फस्यौट नगर्नेहरुको विवरण अद्यावधिक गरिनेछ । पेश्की भएका व्यक्तिहरुलाई नगरपालिकाबाट गठन हुने कुनै पनि समितिमा सहभागि हुन नपाउने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

४. सेवाग्राहीहरुको सुविधाका लागि डिजिटल नागरिक वडापत्र, सहायता कक्षको व्यवस्था तथा आवेदन फारामहरु नगरपालिकाको website बाट प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ ।

५. प्रत्येक तहका कर्मचारीको कार्यविवरण तयार गरी लागू गरिनेछ ।

६. तालिमहरुको माध्यमबाट पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिवृद्दि गर्दै लगिनेछ ।

७. 'जनतासँग प्रमुख' (Hello mayor) कार्यक्रम सञ्चालन गरी जनताको गुनासो प्रत्यक्ष सुन्ने र सम्वोधन गर्ने व्यवस्था मिलाइनेछ ।

८. सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षणलाई संस्थागत गर्दै सूचनामा सर्वसाधारणको पहुँच सुनिश्चत गरिनेछ ।

९. वेरुजु फछ्र्यौटलाई प्राथमिकता दिई शून्य वेरुजुको नीति अवलम्वन गरिनेछ ।

१०. आफ्नै भवन नभएका वडा कार्यालयहरुमा भवन निर्माणका लागि संघ तथा प्रदेश सरकार संग समेत समन्वय गरी कार्यालय निर्माण गर्दै लगिनेछ ।

**योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनः**

१. नगर यातायात व्यवस्थापन गुरुयोजना तथा नगरका विभिन्न विषय क्षेत्रगत योजनाहरु तर्जुमा गरिनेछ ।

२. योजना चक्रका प्रत्येक चरणमा महिला तथा लक्षित वर्गलाई सार्थक सहभागिता गराईनेछ ।

३. उपभोक्ता समिति मार्फत हुने आयोजना सञ्चालन प्रक्रियालाई थप व्यवस्थित गर्न छुट्टै कार्यविधी तर्जुमा भएकोमा सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४. उपभोक्ता मार्फत सञ्चालन हुने योजनाहरुमा २० प्रतिशत लागत सहभागिता अनिवार्य गरिनेछ तर सार्वजनिक निर्माणको कार्य जस्तै विद्यालय, उद्यान, खेल पूर्वाधारमा औचित्यताको आधारमा सुन्य सहभागिता गरिनेछ साथै विपन्न समुदायको वसोवास भएका र उनीहरुलाई प्रत्यक्ष लाभ हुने योजनाहरुमा पहिचानका आधारमा लागत सहभागिताको निश्चित गरिनेछ ।

५. अधुरा र क्रमागत योजनालाई सम्पन्न गर्न श्रोत सुश्चित गरिनेछ ।



धीरज शर्मा बस्याल
नगर प्रमुख

६. अनुगमन कार्यलाई प्रभावकारी वनाईनेछ । पूर्वाधार तथा सामाजिक विकासका कार्यक्रमहरुको समेत अनुगमन गरिनेछ ।

७. योजना सञ्चालनको क्रममा पेश्की दिने कार्यलाई निरुत्साही गरी साना योजानामा पेश्की सून्य अभियान सञ्चालन गरिनेछ ।

अध्यक्ष महोदय,

अव म आगामी आ.व.०७६।७७ का लागि कूल आय व्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु । जस अनुसार आय तर्फ रु. ६५ करोड ०५ लाख ७२ हजार ६ सय २० रुपैया ४० पैसा आय अनुमान गरेकोमा चालु खर्च तर्फ ३५ करोड ९९ लाख २७ हजार र पुंजिगत तर्फ २९ करोड ०६ लाख ४५ हजार ६ सय २० रुपैया ४० पैसा तथा क्रमागत योजना तर्फ ८ करोड ७९ लाख ८० हजार ६ सय २१ रुपैया ५० पैसा खर्च हुने अनुमान गरिएको छ । उक्त आय अनुमानमा सामाजिक सुरक्षा लयातका अन्तरसरकारी थप अख्तियारीबाट प्राप्त हुने रकम समावेश नगरिएको व्यहोरा समेत यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छु । उक्त आय तथा व्यय अनुमानको विस्तृत विवरण यसै साथ सँलग्न राखी पेश गरिएको छ ।

नगरस्तरीय क्षेत्रगत आयोजना तथा कार्यक्रमहरु, लक्षित क्षेत्रसंग सम्बन्धित आर्थिक, सामाजिक, शीप बिकास तथा संस्थागत क्षेत्रका लागि आवश्यक आयोजना तथा कार्यक्रम र वडा भेलाबाट स्विकृत वडा तथा वस्ती स्तरीय साधारण र लक्षित क्षेत्रसंग सम्बन्धित भौतिक पूर्वाधार निर्माणसंग सम्बन्धित आयोजना तथा कार्यक्रमहरु सञ्चालनका लागि उच्च प्राथमिकतामा राखी बजेट बिनियोजन गरिएको छ । नगरका सम्पूर्ण वडाहरुलाई भूगोल, जनसंख्या, गरिवीको अवस्था र पूर्बाधार संरचनाको वर्तमान अवस्था समेतको आधारमा वडास्तरीय आयोजना तथा कार्यक्रमहरुका लागि ७ करोड ८८ लाख १३ हजार बिनियोजन प्रस्ताव गरेको छु । दमकल तथा अन्य सवारी साधन खरिद तर्फ १ करोड ५ लाख बजेट अनुमान गरिएको छ । समपूरक कोष तर्फ रु. ७ करोड २५ लाख, सडकवोर्ड नेपालबाट शहरी सडक मर्मत शीर्षकमा प्राप्त हुने अनुदान तथा अन्य मर्मत सम्भार कार्यका लागि मर्मत सम्भार कोष तर्फ रु. ५० लाख, आकस्मिक तथा भैपरी आउने खर्चका लागि रु. ३५ लाख , नगरस्तरीय बिपद व्यवस्थापन कोष तर्फ रु. २० लाख बिनियोजन प्रस्ताव गरेको छु ।
आगामी आ.ब.मा वडास्तरीय आयोजना तथा कार्यक्रमहरु, बिषयगत शाखाहरु मार्फत संचालन गरिने कार्यक्रमहरुका अतिरिक्त विद्युतिकरण वडा स्तरिय संयूक्त तर्फ १ करोड ५० लाख तथा सडक वत्तिमा रु ५० लाख तथा क्रमागत योजना तर्फ ८ करोड ७९ लाख ८० हजार ६ सय २१ रुपैया ५० पैसा विनियोजन गरिएको छ । प्रस्तुत बजेट, नीति तथा कार्यक्रमले यस नगरको समग्र विकासमा सकारात्मक प्रभाव पार्ने विश्वास लिंदै आगामी आ.ब. २०७६।०७७ का लागि नीति तथा कार्यक्रम र आयब्ययको अनुमान (बिनियोजन बिधेयक, २०७६ र आर्थिक विधेयक, २०७६ ) यस गरिमामय सभामा आबश्यक छलफलका लागि पेश गरेको छु ।

अन्तमा:

यस बजेट, नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट बर्दघाट नगरपालिकाको समावेशी एवं सहभागितामूलक विकास पद्धतीमा टेवा पुग्ने, दिगो आर्थिक वृद्धि र विकासद्धारा आर्थिक आत्मनिर्भरता वृद्धि हुने,



धीरज
नगर प्रमुख

वचत परिचालन, राजश्व अभिवृद्धि तथा विकास क्रियाकलापको संचालनको माध्यमद्वारा रोजगारी श्रृजना भई गरिवी न्यूनीकरणमा टेवा पुग्ने विश्वास लिएको छु। बर्दघाट नगरपालिकाको आ.व.०७६।७७ को बजेट, नीति तथा कार्यक्रम तयार गर्नको लागि सहयोग पुऱ्याउनु हुने संघ तथा प्रदेश सरकार, माननीय ज्यूहरु, नगर कार्यपालिकाका पदाधिकारीज्यूहरु, नगरसभा सदस्यज्यूहरु, राजनीतिक दल, नागरिक समाज, पेशागत संघ/संगठन, संचार जगतका मित्रहरु, गै.स.स.तथा निजी क्षेत्र, विकासका साझेदार, समाजसेवी, बुद्धिजिवी एवं बजेट, नीति तथा कार्यक्रम तयार गर्नमा अहोरात्र खटिने बर्दघाट नगरपालिका सम्पूर्ण कर्मचारीहरु लगायत सरोकारवाला सवैलाई धन्यवाद ज्ञापन गर्दै प्रस्तुत बजेट, नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सवैको निरन्तर सहयोग रहने अपेक्षा गरेको छु।

धन्यवाद:



नगर प्रमुख

(बर्दघाट न.पा को पाचौ नगरसभा)

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष ०७६/७७ को आर्थिक विधेयक, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष ०७६/७७ को विनियोजन विधेयक, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा बर्दघाट नगरपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं ५. प्रस्ताव नं ५ माथी छलफल गर्दा साविकबाट गरिदै आएको घरहरूको नक्सा अभिलेखिकरण कार्यलाई आगामी ०७६ आषाढ मसान्त सम्म मात्र कायम राखी ०७६ श्रावण देखी वन्द गर्ने एवँ आगामी ०७६ आषाढ मसान्त सम्म गरिने घर नक्सा अभिलेखिकरण कार्य गर्न सहमति प्रदान गर्ने र साविकमा गरिएका एवँ आगामी आषाढ मसान्त सम्म गरिने घर नक्सा अभिलेखिकरण कार्य अनुमोदन गर्ने निर्णय गरियो ।

नि.नं ६ः प्रस्ताव नं ६ माथी छलफल गर्दा तेश्रो नगरसभाबाट उपभोक्ता समिति मार्फत सञ्चालन हुने कार्यक्रम तर्फका आयोजना वाहेक पूर्वाधार तर्फका आयोजनामा ३० प्रतिशत जनसहभागिता अनिवार्य गरिनेछ साथै विपन्न समूदायको वसोवास भएका उनीहरूलाई प्रत्यक्ष लाभ हुने आयोजनाहरूमा पहिचानका आधारमा सून्य सहभागिता अपनाइनेछ भन्ने ब्यहोराको नीतिगत निर्णय भएको सन्दर्भमा चालु आ.व.मा सम्बन्धित वडा कार्यालयहरूको सिफारिसको आधारमा नगर प्रमूख स्तरिय निर्णयबाट सुन्य सहभागितामा उपभोक्ता समिति मार्फत भएका कार्यको अनुमोदन गर्ने निर्णय गरियो ।

नि.नं ७ः प्रस्ताव नं ७ माथी छलफल गर्दा कार्यपालिका वैठकबाट यस सभासमक्ष पेश हुन आएको बर्दघाट नगरपालिकको लोगोको नमुना स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं ८ः

प्रस्ताव नं ८ माथी छलफल गर्दा यस पूर्व कार्यपालिका बैठकबाट वजेट शिर्षक परिवर्तन सम्बन्धमा भएका निर्णय अनुमोदन एवं चालु आ.व.मा विनियोजित तपसिलमा उल्लेखित केही शिर्षकका बजेट खर्च हुन नसक्ने देखिएकोले तत्काल भूक्तानी गर्नुपर्ने तपसिलका केही शिर्षकमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.न. | योजनाको नाम | विनियोजित बजेट | नयाँ योजनाको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | नँया भवनमा ए.सी. जडान | ५००००० | नयाँ भवनमा विद्युत तथा साउण्ड सिस्टम जडान | ५,००,००० | मिति ०७६।२।१७ को नगर प्रमुख स्तरिय निर्णय अनुमोदन |
| २ | सि.नं ६२८ को सफ्टवेयर नविकरण तथा जडान | २,५०,००० | डिजिटल प्रोफाइल घर धुरी सर्भेक्षण | ५,००,००० | ०७६।३।५ को नगर प्रमुख स्तरिय निर्णय अनुमोदन |
| | सि.नं ६२७ को करदाता दर्ता तथा कर असुली अभियान | ३००००० | | | |
| ३ | सि.नं १० को विद्युत पोल खरिद | २,३७,६५२ | विद्युत पोल तथा तार खरिद | २,३७,६५२ | |

नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सि.नं ४०५ को MTMP तयार | ५००००० | विभिन्न खोलाको IEE तयार | ५००००० | |
| ५ | सि.नं २७७ को आदिवासी जनजाति/महिला, वालवालिका जेष्ठ नागरिक अपाँग, दलित क्षमता विकास कार्यक्रम | ३००००० | आदिवासी जनजाति/महिला, वालवालिका जेष्ठ नागरिक अपाँग, दलित क्षमता विकास तथा वाख्रा पाठी वितरण कार्यक्रम | ३००००० | |
| ६ | पदाधिकारी भत्ता | २००००० | कर्मचारी भत्ता | २००००० | |
| ७ | पदाधिकारी भत्ता | ७००० | पदाधिकारी पारिश्रमिक | ७००० | |
| ८ | सि.न.४५३ भुताहा चापीमा ट्रान्सफरमर खरिद | ३५०००० | भुताहा चापीमा ट्रान्सफरमर खरिद तथा लाइन निर्माण | ३५०००० | |
| ९ | शिक्षक अनुदन | ११००००० | विद्यालय अनुदान | ११००००० | सि.नं ३४९ |
| १० | अनुगमन भ्रमण खर्च वडा नं ४ | १००००० | प्रशासनिक खर्च , वडा नं ४ | १००००० | |
| ११ | मर्मत सम्भार कोष | २००००० | खरको छानो विस्थापन कार्यक्रम | २००००० | |
| १२ | सि.नं ४०० को मेट्रीक प्रणालीमा आधारित नामाकरण एवँ नम्वरिङ सडक , घर | ९००००० | पशु सेवा विकास A I अनुदान | २००००० | |
| | | | ८५ वर्ष काटेका जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता | ७००००० | |

नि.नं ९: प्रस्ताव नं ९ माथी छलफल गर्दा यस नगरपालिकामा तालिम, गोष्ठि लगायतका सफ्टवेयर कार्यक्रम सञ्चालन गर्दा देहायको खर्च मापदण्ड (Expenditure Norms For Internal Training) स्वीकृत गर्ने गरियो

| क्र.सं. | खर्च क्षेत्र | इकाइ | दर रु | कैफियत |
|---|---|---|---|---|
| १. | श्रोत व्यक्तिको पारिश्रमिक कार्यालय बाहिरबाट श्रोत व्यक्ति | प्रति व्यक्ति प्रति डेढ घण्टा | २०००/- | श्रोत सामग्री रु.५००।- सहित |
| २. | श्रोत व्यक्तिको पारिश्रमिक कार्यालय भित्रको श्रोत व्यक्ति अधिकृत स्तर | प्रति व्यक्ति प्रति डेढ घण्टा | २०००/- | श्रोत सामग्री रु. ५००।- सहित |
| ३. | श्रोत व्यक्तिको पारिश्रमिक कार्यालय भित्रको श्रोत व्यक्ति सहायक स्तर | प्रति व्यक्ति प्रति डेढ घण्टा | १५००/- | श्रोत सामग्री रु. ५००।- सहित |
| ४. | कार्यक्रम संयोजक पारिश्रमिक | प्रति दिन | १०००/- | एक कार्यक्रममा एक जनामात्र |
| ५. | सहभागि यातायात खर्च | प्रति दिन यातायात | ५०० | आते जाते |
| ६. | खाजा खर्च | प्रति व्यक्ति प्रति दिन | १५०/- | दिनको एक पटक |

धीरज शर्मा बस्याल
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ७. | खाना खर्च | प्रति व्यक्ति प्रति दिन | ३००/- | दिनको एक पटक |
| ८. | चिया खर्च | प्रति व्यक्ति | २०/- | दिनको दुई पटक |
| ९. | सहभागि स्टेसनरी | प्रतिव्यक्ति प्रति तालिम | १००/- | डटपेन, कापी र अन्य |
| १०. | तालिम स्टेसनरी | प्रति तालिम | ५०००/- | मार्कर, वोर्ड पेन आदि |
| ११. | आवासीय तालिम गर्दा प्रति सहभागि | प्रति व्यक्ति प्रति दिन | १५००/- | खाना बस्न सहित |
| १२. | उद्घाटन खर्च | प्रति तालिम | २०००/- | आवश्यकता अनुसार |
| १३. | समापन खर्च | प्रति तालिम | २०००/- | आवश्यकता अनुसार |
| १४. | प्रतिवेदन लेखन नेपालीमा | प्रति तालिम | १५००/- | १ जनामात्र |

**नि.नं १०: प्रस्ताव नं १० माथी छलफल गर्दा चालु आ.व.मा रकम विनियोजन भै कार्य प्रारम्भ नभएका र कार्य प्रारम्भ भै सम्पन्न हुन नसक्ने देखिएका देहायवमोजिमका योजनाहरूलाई आगामी आ.व.मा निम्नानुसार बजेट विनियोजन गरी श्रोत सुनिश्चित गरी क्रमागत योजनाको रूपमा सञ्चालन गर्ने निर्णय गरियो ।**

| क्र.स. | योजनाको नाम | योजना स्थल | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | उज्यालो नगर (Street Light) अभियान | वडा नं १ देखी १६ | ९००००० | वार्षिक योजना |
| २ | इको एजुकेशनल पार्क | वडा नं ४ | २५००००० | वार्षिक योजना |
| ३ | डिप ट्यूवेल वोरिङ | वडा नं ५ | १८००००० | वार्षिक योजना |
| ४ | डिप ट्यूवेल वोरिङ | वडा नं १६ | १८००००० | वार्षिक योजना |
| ५ | पुष्पलाल चोक देखी धर्मवस्ती हुँदै वडा नं १४ को कार्यालय गैंगा वस्ती जाने बाटो कालोपत्रे सडक निर्माण | वडा नं १४ | २९०००००० | केन्द्र समपुरक |
| ६ | पुनः स्थापना केन्द्र निर्माण | वडा नं १४ | १५००००० | वार्षिक योजना |
| ७ | हुलाकी बाटोको जमुनिया वजार देखी १३ नं वडा कार्यालय जाने बाटो कालोपत्रे | वडा नं १३ | ३६९५५७० | ठेक्का नं ९/०७५/७६ |
| ८ | वर्मेली टोल शितल पार्कमा वाल उद्यान निर्माण | वडा नं ४ | १०६५००० | वार्षिक योजना सि.नं३३३ |
| ९ | शिवशक्ति टोल बाटो कालोपत्रे | वडा नं ४ | २५००००० | ५०.५० |
| १० | शितल पथ वाटो कालोपत्रे | वडा नं ४ | २५००००० | ५०.५० |
| ११ | कभर्ड हल निर्माण | वडा नं ४ | ७२४००० | वार्षिक योजना सि.नं ३६२ |
| १२ | वडा कार्यालयमा गेट तथा ट्रस निर्माण | वडा नं १४ | ३५०००० | वार्षिक योजना सि.नं ५५० र ६१० |
| १३ | कालोपत्रे सडक निर्माण | वडा नं ३ | ८७०००० | वार्षिक योजना, सि.न.२४ |
| १४ | चौपत्ता चोक देखी १४ नं वडा कार्यालय जाने बाटो कालोपत्रे | वडा नं १४ | २६८२१३६ | स्था.पू.सा.का.र नगर स्तरिय ठेक्का नं ७ |
| १५ | टपरी वनाउने मेसिन | वडा नं १६ | ३५०,००० | बर्षिक योजना सि.नं ४८१ |

नगर प्रमुख

(बर्दघाट न.पा को पाँचौ नगरसभा)

| | | | | |
|---|---|---|---|---|
| १६ | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण | वडा नं १० | | सशर्त केन्द्र |
| १७ | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण | वडा नं ११ | | सशर्त केन्द्र |
| १८ | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण | वडा नं १२ | | सशर्त केन्द्र |
| १९ | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण | वडा नं १५ | | सशर्त केन्द्र |
| २० | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण | वडा नं १६ | | सशर्त केन्द्र |
| २१ | वडा न.९ को वडा कार्यलय पूर्वबाट दक्षिण हुँदै पूर्व जाने बाटो कालोपत्रे | वडा न. ९ | २५०००० | वार्षिक योजना सि.नं ५४० |
| २२ | तटबन्ध (मौराहा टाँडी कालो पत्रे बाटोमा गया थारूको घर नजिक_ | वडा नं ११ | ३००००० | वार्षिक योजना सि.नं ५४३ |
| २३ | स्मृतिनगर मुसहर टोल देखी धौलागिरी सडक कालोपत्रे | वडा नं ४ | १०००००० | केन्द्र समपुरक |
| २४ | गोविन्द पौडेलको घर देखी हाटवजार धौलागिरी होटल सम्म नाला सहित बाटो पिच | वडा नं ४ | ६००००० | ५०.५० |
| २५ | पूर्व शेर वहादुर दर्जिको घर देखी पश्चिम निर वहादुर घर्तिको घर सम्म पक्कि नाला सहित बाटो ग्राभेल | वडा नं ४ | ४००००० | ५०.५० |
| २६ | भवन निर्माण साविक माकर गाविस | वडा नं ४ | १८००००० | वार्षिक योजना सि.नं १७७ |
| २७ | कमर्ड हल निर्माण | वडा नं १२ र १३ | ५००००० | सि.नं ३६४ |
| २८ | हुलाकी सडक दक्षिण देखी २ नं गेट हुँदै १३ नं वडा कार्यालय दक्षिण जाने बाटो ग्राभेल | | ५६६००० | ससर्त सडक वोर्ड |
| २९ | बाटो ग्राभेल तथा ह्यूम पाइप मर्मत, पुनर्बास देखि राष्ट्रिय आवासको गेट हुँदै माकर गाँउ जोड्ने बाटो वडा नं १ | वडा नं १ | | ससर्त सडक वोर्ड |
| ३० | १४ नं सिमाना देखी दिपकको घर हुँदै सूर्य टोल हुँदै केराबारी जाने बाटो वडा नं १६ | वडा नं १४ र १६ | | ससर्त सडक वोर्ड |
| ३१ | सिसहनीया चिसापानी कालोपत्रे सडक | बर्दघाट, १३ | १००४३२४ | स्थानीय पूर्वाधार साझेदारी |
| ३२ | चौपत्ता चोक देखी १४ नं वडा कार्यालय जाने बाटो कालोपत्रे | बर्दघाट, १४ | १७५०००० | स्थानीय पूर्वाधार र नगर स्तरिय उपभोक्ता थप काम |
| ३३ | मोहिनी चोक, राधाकृष्ण स्मृतिनगर सडक र धौलागिरी वाढी पिडित त्रिवेणी रोड | बर्दघाट, ४ | ४३६५३७१.४८ | सडक वोर्ड |

धीरज शर्मा बस्याल
नगर प्रमुख

(बर्दघाट न.पा. को पाँचौं नगरसभा)

| | | | | |
|---|---|---|---|---|
| ३४ | ५२ घोला ड्याम निर्माण | | १८६३१५६ | राष्ट्रपति चुरे |
| ३५ | ढल निकाश पक्कि नाला निर्माण लगुना | वडा नं ३ | ७०००० | गत वर्षको क्रमागत |
| ३६ | समर्सिवल पम्प पाइप खरिद तथा जडान | वडा नं १२, १३, १४ | १२००००० | वार्षिक योजना |
| ३७ | बाटो स्तरिकरण ट्रान्सफरमर चोक देखी पश्चिमाको बाटो | बर्दघाट, १० | ३९०००० | वार्षिक योजना सि.नं ८७ |
| ३८ | विविध | बर्दघाट, ९ | ८२००० | सि.नं ५४१ |
| ३९ | IT तथा पञ्जिकरण व्यवस्थापन तालिम | बर्दघाट, १६ | ४०००० | वार्षिक योजना सि.नं ६१६ |
| ४० | अन्तर नगरपालिका अवलोकन भ्रमण | बर्दघाट, ११ | ५०००० | वार्षिक योजना सि.नं ६०७ |
| ४१ | आमा शिक्षा कार्यक्रम | नगर स्तर | १०००००० | |
| ४२ | सार्वजनिक सुनुवाई | बर्दघाट, ९ | २०००० | सि.नं ६०३ |
| ४३ | ब्जार टोल वाटो स्तरिकरण | बर्दघाट, ४ | २००००० | सि.नं ३८ |
| ४४ | सार्वजनिक सुनुवाई | ब्र्दघाट, ८ | ३८५३५ | सि.न.५८८ |
| ४५ | वाढीपिडित पार्क निर्माण | बर्दघाट, ४ | ५००००० | वार्षिक योजना सि.नं ३३३ |
| ४६ | दलित उत्थान सिपमुलक कार्यक्रम | बर्दघाट, १४ | ५०००० | वार्षिक योजना सि.नं २८७ |
| ४७ | सामुदायिक विद्यालयबाट उत्कृष्ट अँक प्राप्त गरी कक्षा 11 अध्ययन रत अति गरिव छात्र छात्राहरुलाइ छात्रवृत्ति वितरण कार्यक्रम | नगरस्तर | ३२०००० | वार्षिक योजना सि.नं ३५७ |
| ४८ | विद्युतिकरण पोल तार खरिद | बर्दघाट, १३ | ३७०००० | वार्षिक योजना सि.नं १२७ |
| ४९ | विद्युतिकरण पोल तार खरिद | बर्दघाट, १४ | ३८९३४२ | वार्षिक योजना सि.नं १२७ |
| ५० | विद्युतिकरण पोल तार खरिद | बर्दघाट, १ | २३७६५२ | वार्षिक योजना सि.नं १० |
| ५१ | विद्युगितकरण पोल तार खरिद | बर्दघाट, १२ | ४००००० | वार्षिक योजना सि.नं ५४७ र ९८ |
| ५२ | गाँउघर खोप क्लीनिक निर्माण | बर्दघाट, ८ | १००००० | ससर्त |
| ५३ | डिजिटल प्रोफाइल घरधुरी सर्भेक्षण | नगरस्तर | ५००००० | |
| ५४ | जमुनावारीमा रहेको सिंचाई वोरिङ्ग जडान | बर्दघाट, १३ | ५०००० | वार्षिक योजना सि.नं ४७२ |
| ५५ | जेष्ठ नागरिक सम्मान | बर्दघाट, १६ | ५०००० | वार्षिक योजना सि.नं |
| ५६ | कालिका मन्दिर विर्तामा ट्रस निर्माण | बर्दघाट, १० | ३००००० | वार्षिक योजना सि.नं २६९ |
| ५७ | कालिका टोल बाटो ग्राभेल | बर्दघाट, १५ | ३०००० | वार्षिक योजना सि.नं ६१३ मध्येबाट |
| ५८ | डस्टविन खरिद | बर्दघाट, ८ | ५०००० | वार्षिक योजना सि.नं ५३७ मध्येबाट |

धीरज शर्मा बस्याल
नगर प्रमुख

(बर्दघाट न.पा.को पाँचौ नगरसभा)

| | | | | |
|---|---|---|---|---|
| ५९ | विविध सामाग्री खरिद | बर्दघाट, ८ | १८८०९९ | वार्षिक योजना सि.नं ५३८ मध्येबाट |
| ६० | बटो ग्राभेल तथा कल्भर्ट निर्माण | बर्दघाट, ३ | ४५००० | वार्षिक योजना सि.नं २३ मध्येबाट |
| ६१ | वडा कार्यालयमा विद्युतिय मेसिन, खानेपानी , फर्निचर खरिद | बर्दघाट, ७ | १९६६८ | वार्षिक योजना सि.नं ५९६ मध्येबाट |
| ६२ | विविध | बर्दघाट, ७ | ११६०१४ | वार्षिक योजना सि.नं ५३६ मध्येबाट |
| ६३ | दाउन्ने एफ.एम लाई भूक्तानी | बर्दघाट, ४ | १०००० | |
| ६४ | न्यौपाने प्रिन्टर एण्ड एसोसियसनलाई भूक्तानी | बर्दघाट, ४ | ७६६३० | |
| ६५ | वित्तिय साक्षरता तालिम | बर्दघाट, ४ | ५०००० | |
| ६६ | सामुदायिक अस्पतालमा गेट निर्माण | | ४५४००० | वार्षिक योजना सि.नं १८२ मध्येबाट |
| ६७ | विभिन्न खोलाको IEE तयार | | ५००००० | |
| ६८ | ल्याण्ड फिल्ड साइडको IEE तयार | | ४५०००० | |
| ६९ | फुलका विरुवा वितरण कार्यक्रम | बर्दघाट, ४ | ११५००० | |
| ७० | भ्यागुते, चरचरे , खेरेत विरुद्द खोप | बर्दघाट, ४ | ५११०० | वार्षिक योजना सि.नं ४२६ मध्येबाट |
| ७१ | यूवा खेलकुद कार्यक्रम | बर्दघाट, १ | ५०००० | वार्षिक योजना सि.नं २११ मध्येबाट |
| ७२ | शिवालय मन्दिरका लागि वाल उद्यान सामाग्री खरिद | बर्दघाट, ४ | ५०००० | |
| ७३ | सञ्चालन खर्च | बर्दघाट, ४ | १६२४७० | |
| ७४ | पशु AI अनुदान | नगर स्तर | १९८००० | |
| ७५ | सेवा परामर्श | नगर स्तर | ८५१५५ | |
| ७६ | विद्यालय अनुदान | नगर स्तर | ११००००० | सि.नं ३४९ |
| ७७ | भ्यू टावर निर्माण | नगर स्तर | १०००००० | |
| ७८ | कार्यालय हाता भित्र मर्मत तथा निर्माण | नगर स्तर | १०००००० | |
| ७९ | शिरोमणि प्रा.वि. कम्पाउण्ड भवन | नगर स्तर | ९६१३९२ | |
| ८० | सुत्केरी पोषण भत्ता | वडा नं १३ | २५००० | |
| | जम्मा | | ८७९८०६२१ | |

धीरज शर्मा बस्याल
नगर प्रमुख

(बर्दघाट न.पा.को पाँचौ नगरसभा)

नि.नं ११ः प्रस्ताव नं माथी छलफल गर्दा यस नगरपालिका अन्तरगत गौरवका योजनाको रूपमा रहेका यस अघि DPR तयार भै IEE मर्ने प्रक्रियामा रहेको स्यानीटरी ल्याण्ड फिल्ड साइड, सम्भान्यता अध्ययन (Feasibility study) सम्पन्न भएको Eco Educational पार्क र वृस्तित परियोजना प्रतिवेदन (DPR) तयार भएको क्याम्पाचउर खेलमैदान, वृस्तित परियोजना प्रतिवेदन (DPR) तयार भएको View Tower लगायतका ठूला पूर्वाधार विकास आयोजनाहरूको लागि जग्गा उपलब्धता तथा निर्माण कार्य सम्पन्न गर्ने सन्दर्भमा नगरपालिकाको श्रोत साधन र क्षमताले मात्र सम्भव नहुने देखिएकोले निर्माण सम्पन्न गर्दा लाग्ने लागत मध्ये नियमानुसार यस नगरपालिकाको समेत सहभागिता रहने गरी विशेष अनुदान सहयोगको लागि सँघिय सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

धीरज शर्मा बस्याल
नगर प्रमुख